# काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

# काठेपोल प्रतिस्थापन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा आगामी ५बर्ष भित्रमा स्थानीय तहहरुको सहकार्यमा काठेपोललाई स्टील पोलद्वारा प्रतिस्थापन गर्ने प्रदेश सरकारको घोषित नीति रहेको र सोहि बमोजिम बार्षिक कार्यक्रममा बजेट व्यवस्था भए बमोजिम प्रदेश र स्थानीय तहको सहकार्यमा काठेपोललाई स्टील पोलद्वारा प्रतिस्थापन गर्ने कार्य गर्न गराउन बाञ्छनीय भएको हुनाले गण्डकी प्रदेश सरकारको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ अनुसार यस कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "काठेपोल प्रतिस्थापनसम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२) यो कार्यविधि गण्डकी प्रदेशभर लागु हुनेछ ।

३) यो कार्यविधि सम्बन्धित स्थानीय तह भित्र पर्ने विद्युत वितरण लाइनका सन्दर्भमा लागु हुनेछ ।

४) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ...

क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका जलश्रोत तथा सिँचाइ विकास डिभिजनवा सव-डिभिजन कार्यालय वा सोहि प्रकृतिको काम गर्न स्थापित अन्य बिषयगत कार्यालयलाई समेत बुझाउँछ ।

ग) "काठेपोल प्रतिस्थापन" भन्नाले गण्डकी प्रदेशभित्र पर्ने विद्युत वितरण लाइनमा रहेका पुराना तथा जीर्ण काठे पोलहरुलाई हटाइ नयाँ स्टील पोल राख्ने भन्ने सम्झनु पर्छ ।

घ) "सार्वजनिक खरीद कानून" भन्नाले गण्डकी प्रदेशमा लागु रहेको प्रचलित सार्वजनिक खरीद कानून सम्झनुपर्दछ ।

ङ) "स्थानीय तह" भन्नाले संविधान बमोजिम गठित गाउँपालिका र नगरपालिका सम्झनुपर्दछ ।

च) "नेपाल विद्युत प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, पोखरा र बुटवल क्षेत्रीय कार्यालय वा सो अन्तरगतको गण्डकी प्रदेश भित्र कार्यक्षेत्र पर्ने जिल्ला स्थित विद्युत वितरण केन्द्र समेतलाई सम्झनु पर्दछ ।

छ) "सामुदायिक विद्युत उपभोक्ता संस्था" भन्नाले ग्रामीण क्षेत्रमा सामुदायिक रुपमा बिद्युत वितरण सेवा प्रदान गर्ने उद्देश्यले नेपाल बिद्युत प्राधिकरण, सामुदायिक ग्रामीण विद्युत विनियमावली, २०७१ को विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्था भन्ने सम्झनु पर्दछ।

## परिच्छेद -२

## तथ्याङ्क संकलन र आयोजना कार्यान्वयन

३. **सहकार्य सम्बन्धमा:-** (१)काठेपोल प्रतिस्थापन कार्यमा मन्त्रालय र स्थानीय तह दुवै निकायले बजेट विनियोजन गर्नु पर्नेछ ।

(२) कार्यालयले स्टील पोल खरीद गरी सम्बन्धित स्थानीय तहको केन्द्र सम्म ढुवानी गर्नेछ ।सम्बन्धित स्थानसम्म स्टील पोल ढुवानी गरी पुरानो काठेपोल हटाउने, नयाँ खाडल खनेर स्टील पोल ठड्याउने, विद्युत तार सार्ने आदि सम्पूर्ण कार्यहरु नेपाल विद्युत प्राधिकरणसंग वा सामुदायिक विद्युत उपभोक्ता संस्थासंगको सहकार्य वा समन्वयमा सम्बन्धित स्थानीय तहले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

४.**तथ्याङ्क संकलन र लागत अनुमान:** (१) मन्त्रालयले प्रतिस्थापन गर्नु पर्ने काठेपोलहरुको तथ्याङ्क संकलन कार्य नेपाल विद्युत प्राधिकरण र सम्बन्धित स्थानीय तहसंगको समन्वयमा तयार गर्नेछ ।

(२) काठेपोल प्रतिस्थापन कार्यका लागि आ-आफुले गर्नुपर्ने कामको लागि विस्तृत लागत अनुमान नेपाल विद्युत प्राधिकरणसंगको समन्वयमा कार्यालय र स्थानीय तहबाट तयार गरी स्वीकृत गरीनेछ।

५.**आयोजना कार्यान्वयन सम्वन्धी व्यवस्था:** (१)यस कार्यविधि बमोजिम काठेपोल प्रतिस्थापन कार्यको स्थान र संख्या छनौट तथा अन्य कार्यहरु संचालन गर्न मन्त्रालय र नेपाल विद्युत प्राधिकरणका बीचमा समन्वय गरिनेछ ।

(२) यस कार्यविधि र प्रचलित सार्वजनिक खरीद कानुन बमोजिम सम्बन्धित स्थानीय तह र नेपाल विद्युत प्राधिकरण वा सामुदायिक विद्युत उपभोक्ता संस्थाले आपसमा समझदारी गरी पुरानो काठेपोल हटाउने, नयाँ खाडल खनेर स्टील पोल ठड्याउने, विद्युत तार सार्ने आदि कार्यहरु संचालन गर्न तथा भुक्तानी प्रक्रियाहरु व्यवस्थित गर्न सक्नेछन् ।

(३) स्टील पोलको गुणस्तर नेपाल विद्युत प्राधिकरणले तोकेको स्ट्याण्डर्ड IS2713,410 SP-13 तथा BS6323 वा सो सरह समान स्तरको हुनु पर्नेछ ।

(४) सम्बन्धित स्थानीय तहले स्टील पोल जडान कार्य सम्पन्न भएको ७ (सात) दिन भित्र त्यसको जानकरी वा प्रगती विवरण कार्यालयलाई पठाउनु पर्नेछ ।

(५) यस सम्बन्धी निर्माणकार्य एक आर्थिक वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ।

(६) काबु बाहिरको परिस्थितिमा बाहेक त्यसरी पोलहरु जडान हुन नसकेमा त्यस्ता पोलहरुको जडान सम्बन्धमा मन्त्रालयले अवास्था हेरी उचित निर्णय गर्न सक्नेछ ।

(७) स्थानीय तहहरुलाई यसरी प्राप्त स्टील पोलको प्रयोग अन्य प्रयोजनमा गर्न पाइने छैन ।यसरी प्रयोग गरेको पाइएमा उक्त स्थानीय तहसँग अर्को चरणको काठेपोल प्रतिस्थापन कार्यमा सहकार्य गरिने छैन ।

## परिच्छेद -३
## सुपरिवेक्षण र अनुगमन

६.**सुपरिवेक्षणः-** (१) स्थानीय तहसंगको समन्वयमा काठेपोल प्रतिस्थापन कार्यको सुपरिवेक्षण, मूल्यांकन सम्बन्धी कार्य नेपाल विद्युत प्राधिकरण र स्थानीय तहले गर्नेछन्।

(२) मन्त्रालय र स्थानीय तहले काठेपोल प्रतिस्थापन कार्यको अनुगमन गर्नेछन् ।

(३) मन्त्रालयले स्टील पोलको गुणस्तर परीक्षण तथा यस सम्बन्धी सम्पूर्ण कामको अनुगमन गर्नका लागि कन्टेन्जेन्सीबाट खर्च व्यहोर्ने गरी कार्यालयहरुलाई सघाउन परामर्शदाता नियुक्त गरी खटाउन सक्नेछ।

## परिच्छेद-४
## विविध

७. **सेयर सम्वन्धमाः** काठेपोल प्रतिस्थापन कार्यमा प्रदेश सरकारबाट लगानी गरिने रकमको सेयर गण्डकी प्रदेश सरकारको नाममा आउने व्यवस्थाको लागि नेपाल विद्युत प्राधिकरणलाई मन्त्रालयबाट लेखि पठाउनेछ ।

८.**प्रचलित कानून बमोजिम हुने:**यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

९.**थपघट तथा हेरफेरः-** यो कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१०.**बाधा अड्काउ फुकाउः-**यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।